गाउँ कार्यपालिका बैठक - २०७९/०६/१०

आज मिति २०७९।०६।१० गते सोमवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को तेस्रो गाउँ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

<u>**उपस्थिति :**</u>

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश योङहाङ ..........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........................................................................

१०. का पा सदस्य श्री सुष्मा लावती ..........................................................................

११. का पा सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........................................................................

१२. का पा सदस्य श्री बिरेन्द्र मंग्राती ..........................................................................

१३. का पा सदस्य श्री पुण्यप्रसाद राई ..........................................................................

१४. का पा सदस्य श्री निम्की भोटेनी भोटिया ..........................................................................

१५. का पा सदस्य श्री गंगामाया विश्वकर्मा ..........................................................................

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु ..........................................................................

<u>**अन्य उपस्थिति**</u>

१७.कार्यालय सहयोगी श्री हरिमाया गिरि ..........................................................................

गाउँ कार्यपालिका बैठक - २०७९/०६/१०

**प्रस्तावहरु:-**

१. सिंहपुर पशुपति मा वि को भवन निर्माणका लागि आवश्यक समपुरक बजेट सम्बन्धमा।
२. सिंहपुर पशुपति मा वि को पुरानो भवन लाई हटाउने सम्बन्धमा।
३. सडक मर्मत सम्भार तथा सरसफाई सम्बन्धमा।
४. बजार सरसफाई अभियान सञ्चालन सम्बन्धमा।
५. सवारी चालकको अतिरिक्त समय पारिश्रामिक निर्धारण सम्बन्धमा।

**निर्णय नं. - १**

श्री सिंहपुर पशुपति मा वि को भवन निर्माण गर्न दातृ संस्था गोर्खा वेल्फेयर ट्रष्ट द्वारा राखिएको शर्त बमोजिम विधालयले जुटाउनु पर्ने १० प्रतिशतको लागत साझेदारीमा व्यहोर्नु पर्ने रु २२,६२,८१४/- गाउँपालिकाको समपुरक कोषबाट सम्बन्धित विधालयलाई प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. - २**

श्री सिंहपुर पशुपति माध्यमिक विधालयको व्यवस्थापन समितिको निर्णय र विधालयको माग निवेदन अनुसार उक्त विधालयको खेलमैदानको उत्तरपट्टि रहेको ट्रष्टवाला ३ वटा पुराना भवनहरु भत्काउने अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. - ३**

अविरल वर्षाका कारण गाउँपालिका क्षेत्र भित्रका देहायनुसारका स्थानहरुमा सडक अवरुद्ध भई दैनिक आवतजावत तथा सेवा प्रवाहमा समेत कठिनाई उत्पन्न भएकोले वडाको सिफारिसका आधारमा पालिकाको व्याक हो लोडरबाट भएको ईन्धन खर्च आकष्मिक कोषबाट खर्च व्यहोरिने गरि सडक मर्मत संभार तथा सरसफाई कार्यमा भएको खर्च भुक्तानी दिने निर्णय गरियो।

**तपसिल**

| क्र स | सडक मर्मत तथा सरसफाई गरिएको स्थान | लागत अनुमान | वास्तविक खर्च जम्मा रु |
|---|---|---|---|
| १ | वडा नं १ - दुविचौर मानेटार खोलाखर्क | ६५१२५.०० | |
| २ | वडा नं ३ - गोपेटार देखि आगेजुङ सडक | १२६२६. २५ | |
| ३ | वडा नं ३ - सामुदायिक भवनको संरक्षणका लागि कुलो मर्मत संभार कार्य (वर्षाको लेदोका कारण) | २४६५८.२० | |
| ४ | वडा नं ४ - मध्यपहाडी राजमार्गदेखि सुम्लाङ चोक सम्मको बाटो | ७५९४२. ७५ | |
| ५ | वडा नं ५ - सल्लेरी सुभाङ मो. बा. सडक खण्ड | ९५५८१. ३५ | |
| ६ | वडा नं ६ - पिपलडाडा डुम्रे मो बा सडक मर्मत (पहिरोका कारण) | ६१०२०.०० | |

**<u>निर्णय नं. - ४</u>**

हिलिहाङ गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा निम्न मिति, स्थान र समयमा देहायनुसारको सरसफाई अभियान सञ्चालन गर्ने निर्णय गरियो।

**सरसफाई अभियान**

**मिति** : २०७९ असोज १२ गते

**स्थान** : काबेली बजार, सिंहपुर बजार, अमरपुर बजार, गोपेटार बजार, जोरपोखरी बजार, सल्लेरी बजार

**समय** : विहान ठीक ९:०० बजेदेखि

**संयोजन** : सम्बन्धित वडाध्यक्ष

**समन्वय** : शिक्षा स्रोतव्यक्ति श्री बिश्वनाथ भण्डारी - कार्यालयको तर्फबाट

**सहभागीहरु** : जनप्रतिनिधिहरु, सुरक्षाकर्मी, नेपाली सेना, बजार व्यवस्थापन समिति, नागरिक समाज, सम्बन्धित वडाका कर्मचारी, शिक्षक तथा विधार्थी, स्थानीय संघसंस्थाहरु

**<u>निर्णय नं. - ५</u>**

- गाउँपालिकाको क्षेत्रभित्र चार पाङ्ग्रे सवारी चालकले कार्यालय प्रयोजनका लागि बिहान वा बेलुका गरी दुई घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्नु पर्ने अवस्था आएमा सवारी चालकलाई खाजा/खाना खर्च वापत रु ३०० प्रतिदिन (अक्षरेपी रु तीन सय मात्र) दिन सकिनेछ।
- अतिरिक्त समय काम गर्दा अधिकतम २० दिन सम्मको मात्र प्रदान गरिनेछ।
- अतिरिक्त समयमा काम गर्नुपर्ने आधार, औचित्य, कारण र सोबाट प्राप्त हुने नतिजा खुलाई सम्बन्धित पदाधिकारी/कर्मचारीबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।
- सार्वजनिक विदाको दिनमा काम गरे बापत खाजा/खाना खर्चको लागि रु ५००/- दिन सकिनेछ।